म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक ७८ | आइतबार १३ कात्तिक २०७९ | ने. सं. ११४३ कौलागा | 30 October, 2022 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## जुवा खेलिरहेका १८ जना पक्राउ

हेटौंडा, १२ कात्तिक/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले जुवा खेलिरहेका १८ जनालाई पक्राउ गरेको छ ।

प्रहरीले शुक्रबार राति हेटौंडा उपमहानगरपालिका वडा नम्बर ६ चौघडामा जुवा खेलिरहेका १८ जनालाई पक्राउ गरेको हो । चौघडास्थित ध्रुव्र राईको घरमा जुवा खेलिरहेका १८ जनालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । विशेष सूचनाको आधारमा प्रहरी चौकी चौघडाबाट प्रहरी नायव निरीक्षकको कमाण्ड र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट मुचुल्कासहितको थप टोली खटेर जुवा खेलिरहेको स्थानबाट उनीहरुलाई पक्राउ गरिएको हो । प्रहरीले उनीहरुको साथबाट कौडा १७ थानसहित ३१ हजार ८ सय २० रुपैयाँ बरामद गरिएको जनाएको छ । जुवा खेल्ने, च्याखे थाप्ने, हेर्ने १७ जना पुरुष र घरबेटी १ जना गरी जम्मा १८ जनालाई प्रहरीले नियन्त्रणमा लिएको हो । पक्राउ परेका १८ जनालाई जिल्ला प्रहरी कार्यालय मकवानपुरमा राखेर थप अनुसन्धान गरिरहेको प्रहरी प्रवक्ता कार्कीले बताए ।

# हेटौंडामा मनाईंदै छठ पूजा, ५० हजार भक्तजन आउने अनुमान

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ हेटौंडामा हरेक वर्ष जस्तै यसवर्ष पनि छठ पर्वको मुख्य दिन, सूर्यको आरधना, उपासना र पूजा गरी उल्लासपूर्वक मनाइँदैछ । आज आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य दिइन्छ ।

छठ पूजाको लागि हेटौंडा-१ को राप्तितटको छठघाट लाई चिटिक्क पारेर सजाइएको छ । हेटौंडामा वर्षौंदेखि छठ पर्व विशेष रुपमा मनाइँदै आएको छ । विशेषगरी तराईबासीले मनाउने गरेको छठ पर्व पछिल्लो समय हेटौंडामा पहाडी मुलका नागरिकहरुले पनि मनाउन थालेका छन् । छठ पूजाको लागि नदिको छेउमा व्रतालुहरुले पूजा गर्न मण्डप राखेका छन् । राप्तीरोडदेखि नै झिलिमिली बत्ति लगाएर छठ पर्वको तयारी गरिएको छ भने राप्ती पुलनजिक मुल गेट, सहायक गेट बनाइएको छ ।



पूजाको लागि राप्ति बगरमा टेण्ट लगाउने, बत्ती लगाउने, मुर्ती बनाउने जस्ता विविध कार्य गरेर सिंगारिएको छ । छठ पूजाका लागि यहाँका स्थानीय युवा क्लबहरुले टेन्ट र पण्डाल लगाएका छन् । छठ पूजा आयोजक संयुक्त मधेशी सेवा समाज नेपालका सचिव नन्दलाल दासले छठ पूजाको सम्पूर्ण तयारी सकिएको बताए । उनले पूजाको लागि राप्ति बगरलाई विभिन्न श्रृंगारले सजाइएको बताए । दासका अनुसार छठ पूजा गर्ने श्रद्धालु भक्तजन र दर्शकहरुको लागि पण्डाल हालिएको छ । उनले करिब ५० हजार दर्शक र भक्तजन छठ पूजाका लागि राप्तितटमा आउने अनुमान गरिएको बताए ।

यस वर्ष राप्तितटलाई विगतको भन्दा केही फरक ढंगले सिंगारिएको छ । दासका अनुसार यसवर्ष छठ पूजालाई अझ विशेष बनाउनका लागि घोडा चढेको सूर्यदेवको मूर्ति पनि बनाइएको छ । उनले सबै समुदायसँग मिलेर छठ पूजाको तयारी गरिएको बताए । हेटौंडा उपमहानगरपालिका र सडक विभागको सहयोगमा घाट व्यवस्थापन गरिएको उनको भनाई छ । उनका अनुसार छठ पूजाको लागि हेटौंडा उपमहानगरपालिकाले पाँच लाख रुपैयाँ बजेट विनियोजन गरेको छ । मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक बामदेव गौतमले छठ पूजाको लागि विशेष सुरक्षा व्यवस्था गरिएको बताएका छन् ।

छठ पूजामा धेरै भिडभाड हुने हुँदा विभिन्न घटनाको जोखिम रहेको भन्दै उनले विशेष सुरक्षा व्यवस्था बनाइएको बताए । गौतमले छठ पूजाको लागि प्रहरी निरीक्षकको कमाण्डमा १ सय ५५ जना प्रहरी परिचालन हुने जानकारी दिए । म्यादी प्रहरीलाई पनि परिचालन गरिने उनको भनाइ छ । उनले यो वर्ष नि:शुल्क रुपमा पार्किङको व्यवस्था रहेकोसमेत जानकारी दिए । छठको अवसरमा सरकारले आज सार्वजनिक विदा पनि दिएको छ । छठ पर्व कात्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइन्छ । छठका ब्रतालुले कात्तिक शुक्ल चतुर्थीदेखि नै चोखो खानपान गरी शुद्ध भएर बस्ने गर्छन् । छठको मुख्य दिन आज साँझ अस्ताउँदो सूर्यलाई पूजा आरधना गरी अर्घ्य दिइँदैछ । भोलि उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि छठ सम्पन्न हुन्छ । ऐतिहासिक पौराणिक ग्रन्थ महाभारतमा उल्लेख भएअनुसार द्रौपदीसहित पाँच पाण्डव अज्ञातवासमा रहँदा उक्त गुप्तवास सफल होस् भनी सूर्यदेवलाई आरधना गरिएको थियो । उक्त समयमा पाण्डव विराट राजाको दरबारमा बास बसेको उल्लेख छ । लोक कथनबमोजिम सोही समयदेखि छठ मनाउने परम्पराको थालनी भएको हो ।

सूर्य पुराणअनुसार सर्वप्रथम अत्रिमुनिकी पत्नी अनुसूयाले छठ व्रत गरेकी थिइन् । फलस्वरुप उनले अटल सौभाग्य र पतिप्रेम प्राप्त गरिन् । त्यही बेलादेखि 'छठ पर्व' मनाउने परम्पराको सुरुवात भएको विश्वास गरिन्छ । संसारका सम्पूर्ण भौतिक विकास सूर्यमाथि नै आधारित छन् । तिनको शक्तिबिना रुख, बिरुवा, वनस्पति, प्राणी, जीवजन्तु कसैको पनि अस्तित्व रहन सक्दैन ।

सूर्य किरणको चिकित्सामाथि कैयौं चिकित्सकले ग्रन्थ लेखेको पाइन्छ । सूर्यको किरणबाट कैयौं असाध्य तथा अक्षय रोगको आश्चर्यजनक उपचारसमेत खोजिएको छ । साम्ब पुराणमा आफ्नै पिता श्रीकृष्ण तथा महर्षि दुर्वासाको सरापद्वारा कुष्ठरोगबाट पीडित साम्व सूर्यको आरधनाको फलस्वरुप रोगमुक्त हुन गएको भन्ने चर्चा छ । छठ पर्वमा व्रत गरे दु:ख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वास छ । यसमा झुप्पा-झुप्पा फल चढाउँदा सूर्य देवता प्रसन्न भई व्रतालुका कुटुम्बसहित सबै सन्तानको भलो हुन्छ भन्ने मान्यता पाइन्छ । यस पर्वमा जो व्रत बस्न सक्दैन उसले अर्कोबाट व्रत गराउने गर्छन् ।

आर्थिक अभाव भएका मानिस भिक्षा मागेरै भए पनि यो पर्व मनाउने गर्छन् । कात्तिक शुक्ल चतुर्थीका दिन स्नान गरी एक छाक खाएर बस्ने गरिन्छ । दोस्रो दिन कात्तिक शुक्ल पञ्चमीमा सख्खर हालेर बनाइएको खीर (खरना) षष्ठी मातालाई चढाई अलिकति ब्रतालुले प्रसाद स्वरुप खाने र नुन नखाई एक छाक फलाहार गरिन्छ । कात्तिक शुक्लपक्षमा विधिपूर्वक सूर्यको पूजाआराधना गरी अर्घ्य दिएमा चर्म रोग लाग्दैन भन्ने धार्मिक विश्वाससमेत छ ।

२०४६ सालअघि तराईको सीमित क्षेत्रमा मनाइने छठले अहिले राष्ट्रिय स्वरुप ग्रहण गरेको छ । २०४६ सालदेखि नै सरकारले यो पर्वका अवसरमा देशभर सार्वजनिक विदा दिने गरेको छ ।

# गत साता मकवानपुरमा...

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ हेटौंडामा गएको एक सातामा विभिन्न घटनाहरु भएका छन् । हेटौंडामा एक साताको अवधिमा दुर्घटना, चक्कु प्रहार, आगलागी तथा जुवाडेहरु पक्राउलगायत विभिन्न घटनाहरु भएका हुन् ।

गत बुधबार हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१८ रामधुनीचोकमा मोटरसाइकलको ठक्करबाट एक जनाको मृत्यु भएको छ । धरान चतरा सडक खण्डअन्तर्गत् हेटौंडाबाट ठुलोदमार तर्फ जाँदै गरेको बा. ५८ प ५६५४ नम्बरको मोटरसाइकलले पैदलयात्री रामधुनीका ३५ वर्षिय बिनोद रम्तेललाई ठक्कर दिँदा उनको हेटौंडा अस्पतालमा मृत्यु भएको हो । मोटर साइकलको ठक्करबाट गम्भीर घाइते भई उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले बताए । मोटरसाइकल चालकलाई भने प्रहरीले नियन्त्रणमा लिएको छ ।

हेटौंडामा गत बिहीबार सबैभन्दा धेरै घटनाहरु भएका छन् । बिहीबार नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष तथा वरिष्ठ पत्रकार, शिक्षासेवी कौशल पाण्डेको निधन भएको छ । हेटौंडा उपमहानगरपालिका-४ कमलडाँडास्थित निवासमा बिहीबार अपरान्ह पाण्डेको निधन भएको हो । ७५ वर्षका पाण्डेको लिभर सिरोसीसको कारण केही महिनाअघि शल्यक्रिया गरिएको थियो । परिवारका सदस्यका अनुसार पछिल्लो केही सातादेखि स्वास्थ्यअवस्था जटिल बनेको थियो । पाण्डे श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठानका अध्यक्षसमेत थिए । उनको शुक्रबार बिहान अन्त्येष्टि गरिएको छ ।

बिहीबार नै मकवानपुरको भीमफेदी गाउँपालिका वडा नम्बर-१ बाघचौरमा देउसी खेल्न जानेक्रममा एक जनाको भीरबाट लडेर मृत्यु भएको छ । बाघचौरका ४१ वर्षीय सुकमान गोले देउसी खेल्दै अर्को घरमा जाने क्रममा बाघचौरको भीरबाट लडेर गम्भीर घाइते भई उपचारका लागि हेटौंडा अस्पताल ल्याएकोमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक कार्कीले जानकारी दिए । विहीबार नै हेटौंडा उपमहानगर पालिका वडा नम्बर-९ कर्रापुल पारी अज्ञात व्यक्तिको चक्कु प्रहारबाट एक जना युवक गम्भीर घाइते भएका छन् । स्थानीय २८ वर्षीय अजित लामालाई अर्का एक व्यक्तिले चक्कु प्रहारबाट घाइते बनाएका हुन् । प्रहरीले हेटौंडा उपमहानगरपालिका वडा नम्बर-११ नवलपुरमा जुवाको खालबाट ३३ जनालाई पक्राउ गरेको थियो । तर, लगातार विदा परेकाले यही कात्तिक १४ गते कार्यालय खुलेको दिनमा प्रहरीमा हाजिर हुनेगरी चार्डपर्व मनाउनकै लागि प्रहरीले छोडिदिएको छ ।

विहीबार नै हेटौंडाको तरकारी बजारमा आगलागी भएको छ । हेटौंडा-१० टीसीएनमा रहेको तरकारी बजारमा आगलागी भएको हो । टीसीएनको मिना गुरुङको होटलबाट सल्किएको आगो तरकारी बजारमा फैलिएको थियो । आगलागीबाट लाखौं रुपैयाँको सामान जलेर नष्ट भएको छ । तरकारी बजारमा लागेको आगो प्रहरी, दमकल र स्थानीय वासिन्दाहरुको सहयोगमा नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले बताए । आगलागीबाट यहाँका आधा दर्जनभन्दा धेरै तरकारी पसल जलेर नष्ट भएको छ । आगलगी भएपछि बसपार्कभित्र रहेका ग्यासका शिलिण्डर पड्कँदा स्थानीय वासिन्दाहरु त्रसित भएका थिए ।

शुक्रबार मकवानपुर प्रहरीले हेटौंडा उपमहानगरपालिका वडा नम्बर-६ मा जुवा खेलीरहेको समयमा १८ जनालाई पक्राउ गरेको छ । तिहार सकिँदासमेत जुवा खेल्ने १८ जनालाई प्रहरीले पक्राउ गरेर अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुर का प्रहरी उपरीक्षक बामदेव गौतमले बताए ।

हेटौंडा-६ का धुव्र राईको घरमा जुवा खेलिरहेका १८ जनालाई पक्राउ गरिएको हो । उनीहरुको साथबाट प्रहरीले कौडा १७ थान, नगद ३१ हजार ८ सय २० रुपयाँ बरामद गरेको थियो । कौडामा खेल्ने, च्याखे थाप्ने, हेर्ने १७ जना पुरुष र घरबेटी १ जनालाई नियन्त्रणमा लिइएको हो ।

# रहेनन् महासंघ पूर्वअध्यक्ष पाण्डे

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ नेपाल पत्रकार महासंघ मकवानपुरका पूर्वअध्यक्ष कौशल पाण्डेको निधन भएको छ । पाण्डेको ७५ वर्षको उमेरमा विहीबार निधन भएको हो ।




मकवानपुरको पत्रकारितामा लामो समय सक्रिय रहेका पाण्डे पत्रकारिता क्षेत्रमा पाँच दशक समय बिताए । बुढेशकालमा समेत पत्रकारितामा सक्रिय पाण्डे क्रान्तिकारी धारका रुपमा परिचित थिए । २००४ पुस १० गते उदयपुरको सिरुवानीमा जन्मिएका उनी नेपाली पत्रकारिता र शिक्षा क्षेत्रको विकासमा अतुलनीय योगदान पुऱ्याएवापत थुप्रै पटक सम्मानित भएका छन् । पाण्डे २०५८ साल मंसिर १० गते पत्रकार महासंघ मकवानपुरको अध्यक्ष भएका थिए । उनले पत्रकारिता क्षेत्रलाई व्यवसायिक बनाउन र सञ्चारकर्मीहरुको हितका लागि धेरै काम गरेका थिए ।

पाण्डे पत्रकार महासंघ मकवानपुरको संस्थापक सदस्यसमेत हुन् । मकवानपुरमा २०४४ सालमा महासंघको शाखा विस्तार भएपनि २०४७ सालमा न्हुच्छेमान श्रेष्ठ अध्यक्ष रहने गरी गठित कार्यसमितिमा पाण्डे सदस्य थिए । उनले प्रेस काउन्सिल नेपालको गोपालदास स्मृति पत्रकारिता पुरस्कार पाएका छन् । २०१७ बाट सुरु भएको पञ्चायती व्यवस्थादेखि २०४६ मा आएको प्रजातन्त्र र २०६२/०६३ सम्मको उथलपुथलपूर्ण इतिहासको साक्षी रहेका पाण्डे साहित्य संगम मकवानपुरको संस्थापक सदस्य भई हालसम्म सल्लाहकारका रुपमा थिए ।

नेपाली पत्रकारिता, नेपाली भाषा र कला साहित्यसँग सम्बन्धित तीनवटा कृति प्रकाशित पाण्डेले जीवनका अनेकन पाटाहरुमा कहिले हकर, कहिले सम्पादक भएर त कहिले प्रकाशक भएर जिम्मेवारी बहन गरे । पाण्डे २०२८ सालमा पर्साको वीरगंजस्थित ठाकुरराम बहुमुखी क्याम्पसमा अध्ययनरत छँदा पत्रिका प्रकाशन गरी गाउँगाउँमा बाँड्थे । पाण्डे २०३९ मा देव श्रेष्ठको नाममा दर्ता भएको कुराकानी र प्रयास साप्ताहिकमा लामो समय सम्पादकीय जिम्मेवारीमा रहे । तीन दशक बढी अध्यापन क्षेत्रमा समेत सक्रिय रहेका पाण्डेको निधनबाट नयाँ पुस्ताले जीवन्त साक्षात्कार गर्ने अवसर गुमाएका छन् ।

## कुटपिटमा एक घाइते

हेटौंडा/ मकवानपुरको थाहा नगरपालिकामा शुक्रबार करिब राति १० बजे कुटपिट हुँदा १२ नम्बर वडा झाप्रेका ४७ वर्षीय जीतबहादुर स्याङ्तान घाइते भएका छन् ।

३२ वर्षीय सोम गोलेको कुटपिटबाट स्याङ्तान घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिए । झै-झगडामा गोलेको कुटपिटबाट स्याङ्तान घाइते भएको खबर प्राप्त हुनासाथ इप्रका पालुङका प्रहरी सहायक निरीक्षकको कमाण्डमा टोली खटिएको थियो । स्याङ्तानको टाउको र आँखामा चोट लागेको जनाइएको छ । स्याङ्तनको ट्रमा सेन्टर काठमाडौंमा उपचार भइर हेको र कुटपिट गर्ने गोले फरार रहेको प्रवक्ता कार्कीले बताए ।

# गठबन्धनका उम्मेदबारले भेटे जनआन्दोलनका सहिद परिवार

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि मकवानपुरका गठबन्धनका उम्मेदवारहरु मतदाताको घरघर पुग्ने कार्यमा तीव्रता दिइरहेका छन् ।

निर्वाचन क्षेत्रभित्र निर्वाचन कार्यालय उद्घाटन गर्नेदेखि मतदाताको घरघर पुगेर भोट माग्ने कार्यमा उम्मेदवारहरु सक्रिय भएका हुन् । दिपावली सक्किनेबित्तिकै प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा गठबन्धनका उम्मेदवार विरोध खतिवडाले २०६२/०६३ को जनआन्दोलनका सहिद बासुदेव घिमिरेको परिवारदलाई भेटेका छन् । मकवानपुरगढी-५ काञ्चनथलीमा रहेको सहिद बासुदेवको घरमा पुगेर खतिवडाले सहित पिता कृष्णप्रसाद घिमिरेलाई भेटेका हुन् । घिमिरेसँग निर्वाचन क्षेत्र नम्बर २ का प्रतिनिधिसभाका उम्मेदवार विरोध खतिवडा तथा प्रदेशसभा (क)को उम्मेदवार कुमारी मोक्तानले जितका लागि आशिर्वाद लिएका हुन् ।

सहिद पिता घिमिरेले बाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवार लाई टीका लगाउँदै जीतका लागि शुभकामना व्यक्त गरेका छन् । 'मेरो छोरोको रगत खेर नजाओस् । तपाईंहरुले आँटेको काम पूरा होस्,' उनले भने । घिमिरेले देशमा राम्रो भएको देख्ने आफ्नो इच्छा रहेको बताउँदै बाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवारले सहिदको सपना साकार पार्ने अपेक्षा राखे । उम्मेदवारद्वय खतिवडा र मोक्तानले सहिदको सपना साकार पार्नका लागि आफूहरुले आशिवार्द लिन आएको सहिद पिता घिमिरेलाई बताएका थिए ।

# जनताको सेवा भावनाले चुनाव लडेकी हुँ: डीना

हेटौंडा, १२ कात्तिक/ नेपाली कांग्रेसकी केन्द्रीय सह-महामन्त्री एवम् मकवानपुर प्रतिनिधिसभा क्षेत्र नम्बर १ की उम्मेदवार महालक्ष्मी उपाध्याय डीनाले जनताको सेवा भावनाको कारण समानुपातिकमा पाएको अवसर छोडेर निर्वाचनमा प्रतिस्पर्धा गर्न आएको बताएकी छन् ।

हेटौंडा उपमहानगर पालिका वडा नम्बर १६ मा शनिवार भएको चुनाव प्रचार प्रसार कार्यलय उद्घाटन कार्यक्रममा बोल्दै डीनाले आफू अरुको जस्तो अन्तिमपटक भन्दै भाग्ने मनसायले चुनावी प्रतिस्पर्धामा नआएको भन्दै आफू निरन्तर जनताको सेवामा रहने बताएकी हुन् । 'यहाँ केही उम्मेदवारहरु मेरो अन्तिम पटक हो । मलाई बचाइदिनूस् भन्दै आएका छन् । उनीहरु त्यसपछि फेरि जनताको माझमा फर्किदैनन्,' डीनाले भनिन् । डीनाले उनीहरुको अन्तिम पटकमा नझुक्किन पनि आग्रह गरिन् । अन्तिम पटक भनेर आएकाहरु विगितमा जस्तौ नफर्कने उनको दाबी थियो ।

नेपाली कांग्रेस हेटौंडा-१६ नम्बर वडा सभापति सोमनाथ दंगालको सभाध्यक्षतामा भएको कार्यक्रममा एकीकृत समाजवादीका केन्द्रीय सदस्य धनप्रसाद गौतम, प्रदेश सभा क्षेत्र नम्बर १ (क)का उम्मेदवार प्रेमबहादुर पुलामी छिन्तुलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा नेपाली कांग्रेस बागमती प्रदेश सदस्य देवकी गौतम, माओवादी केन्द्रकी प्रदेश सह-सचिव लक्ष्मी माझी, नेपाली कांग्रेस मकवानपुरका सचिव भिमसेन महत, सहसचिव इन्दिरा न्यौपाने, प्रवक्ता अर्जुनप्रसाद चौलागाईलगायत गठबन्धनमा आवद्ध दल नेपाली कांग्रेस, माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी)का विभिन्न तहका नेता तथा कार्यकर्ताहरुको उपस्थिति रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

सेवाहरू:
- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# छठ पर्वको शुभकामना

नेपाली समुदायमा विशेषगरी तराइ क्षेत्रमा धुमधामका साथ मनाइने छठ पर्व पहाडी मूलमा भित्रिँदै । पछिल्लो समय सबै समुदायमा यसेको आकर्षण बढ्दै गएको छ । नेपालको तराई र भारतको उत्तरी क्षेत्रका हिन्दू समुदायले मनाउने छठ अहिले नेपालका सबैजसो भागमा मनाउन थालिएको छ । छठ पर्व दशैं, तिहारजस्तै हिन्दूहरुको साझा पर्वका रुपमा सबै मूलका नेपालीले मनाउन थालेका छन् । मुख्य छठ पूजा कात्तिक शुक्ल षष्ठीका दिन गरिने भएकाले यसवर्ष छठ पूजा आज कात्तिक १३ गते परेको छ । छठमा मुख्यरुपमा सूर्यको पूजा गरिन्छ । यसका लागि विभिन्न नदी तथा जलाशयका किनारमा सरसफाई गर्दै रंगीचंगी बनाइन्छ ।

छठ पर्व चार दिनसम्म मनाउने गरिन्छ । नेपालसहित भारतमा पनि विशेषरुपमा मनाइने छठका लागि आफ्नो घर छाडी विभिन्न ठाउँमा अध्ययन तथा रोजगारीका लागि रहेका, विद्यार्थी र व्यवसायीहरु आफ्नो मूल घर फर्किने गर्दछन् । छठको अन्तिम दुई दिन विभिन्न नदी, खोला, पोखरी, इनार छेउमा सजावट गरी ब्रतालुले जलमा उभिएर कात्तिक शुक्ल षष्ठीको साँझ अस्ताइरहेको र सप्तमीको बिहान उदाइरहेको प्रकृतिको संरक्षणकर्ता सूर्यदेवलाई अर्घ्य दिएर समापन गरिने प्रचलन छ । छठ पर्व तिहारको भाइटीकाको दुई दिनपछि अर्थात् कात्तिक शुक्ल चतुर्दशीदेखि सुरु भई कात्तिक शुक्ल सप्तमीका दिन समाप्त हुन्छ । तराईवासीको चाडका रुपमा बहुचर्चित छठ पर्वमा सूर्यको विविध रुपलाई समान श्रद्धाका साथ मनाउने गरिन्छ । यो पर्वमा षष्ठी भगवतीको पूजा अर्चना गरी पुत्र, पति र परिवारको कल्याणको कामना गरिन्छ । नेपालको विशेषरुपले तराई (मधेश) क्षेत्रमा श्रद्धा एवम् भक्तिपूर्वक यो पर्व मनाइन्छ । यस पर्वको अवसरमा पञ्चमीका दिनदेखि व्रत बस्ने महिला तथा पुरुषले निष्ठापूर्वक पवित्र जलाशयमा स्नान गरी बेलुकीपख दूध, चामल र सख्खरको खीर पकाई प्रसादको रुपमा आफूले खाने र व्रत नबस्ने परिवारका सदस्यलाई पनि ख्वाउने चलन छ ।

परम्पराअनुसार छठका दिन साँझ अस्ताउँदो सूर्यलाई जलाशयमा उभिएर पूजासहित अर्घ्य दिएपछि रातभर नदी तथा तलाउ किनारमा बसी भजनकीर्तन गर्दै भोलिपल्ट सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई पुन: अर्घ्य दिई पूजा विसर्जन गरिन्छ । पवित्र मनले छठ पर्व मनाउँदा पारिवारिक कल्याण, सन्तानसुख तथा मनोकामना पूरा हुने विश्वास गरिन्छ । समावेशी संस्कारले जातीय र भौगोलिक दूरी घट्दै गएका कारण यो पर्व अहिले सबै नेपालीको पर्वका रुपमा विकसित हुँदै गएको छ । यो पर्वले मधेशी र पहाडीबीचको धार्मिक, सांस्कृतिक तथा सामाजिक एकता र सौहार्दपूर्ण सम्बन्ध पनि विकसित गर्दै लगेको छ । छठ पर्वले सबै नेपालीमा एकता कायम गर्न सफल होस्, छठको सम्पूर्ण नेपालीमा शुभकामना ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ कात्तिक १४ गते सोमबार ३१ अक्टोबर २०२२ । कात्तिक शुक्लपक्ष सप्तमी । कौलागा ११४३ ने.सं. । सूर्योदय ६:१०, सूर्यास्त ५:२४ । विश्व शहरीकरण दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : व्यवसायमा विवाद | तुला | : आलोचनामा वृद्धि |
| वृष | : मानसिक अशान्ति | वृश्चिक | : यात्रामा अवरोध |
| मिथुन | : कार्यमा ढिलाइ | धनु | : व्यवसायमा सफलता |
| कर्कट | : मांगलिक कार्य सम्पादन | मकर | : मान हानिले खिन्नता |
| सिंह | : उपचारमा खर्च बढ्ने | कुम्भ | : धर्मकार्यमा खर्च |
| कन्या | : मानमर्यादाको वृद्धि | मीन | : मान्यजनबाट विवाद |

# राजनीतिले सही बाटो समाउने संकेत



रामचन्द्र उप्रेती

देश चुनावमा होमिएको छ । यो लोकतन्त्रको सुन्दर पक्ष हो । तर, चुनाव हुनु, चुनावबाट जनताका प्रतिनिधि छानिनु र अरू पाँच वर्ष यस्ता प्रतिनिधिले शासन गर्नु मात्रै चुनावको उद्देश्य हुनुहुँदैन । चुनाव एउटा प्रक्रिया हो र प्रतिनिधि छानिनु प्रक्रियाले दिने नतिजा हो। जसरी पनि नतिजा आफ्नो पक्षमा पार्ने ध्याउन्नमा रहेका पार्टी र उम्मेदवारले चुनावको मर्म र प्रक्रियाका सीमाहरू मिच्न सक्छन् । त्यसैले निर्वाचन स्वतन्त्र र निष्पक्ष हुनुपर्छ भनेर बारम्बार भन्ने गरिन्छ । चुनाव गराउन स्वतन्त्र निकायको रूपमा निर्वाचन आयोग हुन्छ, सरकारमा बसेर चुनाव गराउन चाहनेहरूबाट निर्वाचनमा धाँधलीको सम्भावना बढी हुन्छ । शक्तिको दुरुपयोग बढ्न सक्छ । त्यसैले निर्वाचनको मिति नजिकिएसँगै सरकार, राजनीतिक दल, शिक्षक, कर्मचारी, निर्वाचित जनप्रतिनिधिलगायत सरकारी सुविधा प्राप्त गर्ने कसैलाई पनि राजनीतिक दलको पक्ष वा विपक्षमा प्रचार गर्न नपाउने व्यवस्था गरेको छ ।

निर्वाचन खर्चिलो भएको, सामान्य मानिसले धान्न नसकिने भएको भनेर व्यापक आलोचना भएपछि निर्वाचन प्रचारको क्रममा हुने भड्किलो प्रचार रोक्न केही उपाय अवलम्बन गरिएका छन् । ठूला आकारका पार्टीका झण्डा, चुनाव चिन्ह अंकित तुल, ब्यानर, झण्डा, तोरण, पोष्टर आदिमा रोक लगाइएको छ । त्यति मात्रै होइन, प्रचारमा गाडीको ताँती, मोटरसाइकल र्‍याली, भोजभतेर, नगद तथा जिन्सीको वितरण, प्रलोभन आदि गर्न नपाइने गरी आचारसंहिता बनेको छ । त्यसैगरी सार्वजनिक स्थलमा मात्रै होइन घर र प्रतिष्ठानहरूमा पनि ब्यानर, झण्डा, पोष्टर आदि राख्न नपाइने नियमले चुनावलाई कम खर्चिलो बनाउने कोसिस भएको छ । प्रचारका लागि चुनाव चिन्ह र पार्टीका झण्डा अंकित भेष्ट, टोपी, गम्छा आदि प्रयोग गर्न वञ्चित गरिएको छ । त्यसैगरी सवारी साधनको प्रयोग गरेर ठूलो स्वरमा माइक, डिजे बजाउने, हूल बाँधेर नाचगान गर्दै सडकमा जुलुस निकाल्ने कुरा रोकिएको छ । प्रचारमा जाँदा उम्मेदवारसहित बढीमा पच्चीस जनासम्मको समूहलाई मात्रै मतदातासँग पुग्ने गरी घरदैलोमा जान पाइने नियम बनाइएको छ । अनि उम्मेदवारले गर्न पाउने खर्चको सीमा तोकिएको छ । खर्च बैंकिङ प्रणालीबाट गर्न र निर्वाचन सकिएपछि खर्चको विवरण अनिवार्य बुझाउन भनिएको छ । यी भए निर्वाचनलाई कम खर्चिलो र भड्किलो हुन नदिन बनेका नियम । निर्वाचन खर्चिलो र भड्किलो हुँदा त्यसले भ्रष्टाचारलाई बढावा दियो भन्ने भनाइ एकदमै मनासिब छ । पैसा खर्च गर्न नसक्ने तर जनताको सेवामा समर्पित र आवश्यक मानिसले चुनावमा भाग लिनै नसक्ने अवस्थाको अन्त्य गर्ने प्रयास सराहनीय छ । तर यो नियमको पालना भएमात्रै यसको औचित्य हुन्छ । सचेत मतदाताहरू उम्मेदवार र पार्टीहरूले निर्वाचन आधारसंहिताको पालना गर /नगरेको हेरिरहेका छन् ।सरकार, राजनीतिक दल, उम्मेदवार र आचारसंहिता पालना गर्नुपर्ने व्यक्ति र निकायले संयमतापूर्वक नियमको पालना गर्नु आवश्यक छ तर यो सीमालाई पूर्व प्रधानमन्त्री भइसकेका पुष्पकमल दाहाल र माधवकुमार नेपालले नै खुल्लमखुल्ला उल्लैन गरेर निर्वाचन आयोगको स्पष्टीकरणको सामना गर्नु परेको अवस्था छ ।उल्टो उनीहरू भूलवश गल्ती भएछ अब गरिने छैन भनेर स्वीकार्नभन्दा गल्ती नै नगरेको भनेर पन्छिएका छन् । आजको प्रविधियुक्त समयमा उनीहरूले बोलेको र गरेको कामको रेकर्ड छोपेर छोपिँदैन । यस्ता कुरा भाइरल भइसकेका हुन्छन् तर ढाँट्ने बानी पर ेकालाई यस्ता कुरा अझै सामान्य लाग्छ ।

निर्वाचन जनतालाई भ्रममा पारेर मत आफ्नो पोल्टामा पार्ने र बाँकी अवधि आफूले रजगज गर्ने अभियान होइन । निर्वाचन भनेको जनतालाई राजनीतिक हिसाबले सचेत बनाउने, विश्वासमा लिने, समस्याका बारेमा छलफल गर्ने, सम्भावना र भविष्यमा गरिने काम एवम् योजनाको बारेमा बताउने अभियान हो । त्यसैगरी यो अरूलाई गालीगलौज गरेर नीच र होचो देखाउने, आफू महान अरू सबै निकम्मा हुन् भनेर गफ चुट्ने अभियान पनि होइन । आफ्ना सत्कर्महरूको प्रचार गर्न पाइन्छ तर अरूलाई गाली नगरी र नहोच्याइकन । त्यस्तै अरूको आलोचना पनि गर्न पाइन्छ तर तथ्यमा आधारित भएर । कुनै समय यस्तो थियो कि आम मतदाताले सूचनामा धेरै पहुँच राख्न सक्दैनथे । रेडियो, टेलिभिजनका कुरा सुन्नु, हेर्नु र पत्याउनुपर्ने अवस्था थियो । नेताका कुरा सुनेर धारणा बनाउने वा आफ्नो गाउँ, टोल, छिमेकी, समूहका अगुवाले भनेको विश्वास गर्नुपर्ने अवस्था थियो । त्यही आधारमा धारणा बनाएर मतदान गर्नेहरू धेरै थिए । तर अहिले प्रविधिको पहुँचले सूचनाको बाढी नै आएको छ । मतदाताहरू सचेत बन्दै गएका छन् । अरूको कुरा पत्याएर होइन स्वनिर्णय गर्ने क्षमता मतदातामा बढ्दो छ । पार्टी र नेताका क्रियाकलापलाई आम मतदाताले मसिनो गरी नियालिरहेका छन् । के गर्छन् र के बोल्छन् त्यो छुट्याउने क्षमता मतदातामा बढेको छ । मतदाता सचेत भएर मतदान गर्नु, पार्टी छान्नु, नेता रोज्नु राजनीतिले सही बाटो समाउने संकेत हो ।यति हुँदाहुँदै पनि राजनीतिमा देखिने अर्थात् चुनावमा पोखिने अतिवादको खतरा कायमै छ । आफूलाई मन परेको नेताको देवत्वकरण गर्ने र मन नपरेका नेता र पार्टीको राक्षसीकरण गर्ने प्रवृत्ति कायम छ । आफू र आफूले मानेको, रोजेको, सोचेको कुरा शतप्रतिशत ठीक र अरू सबै शतप्रतिशत खराबको धारणा बनाउनेहरू अझै धेरै छन् ।यस्तो सोच भएका दुई खालका मानिस मैले पाएको छु ।

एकप्रकारका मानिस पार्टीको जिम्मेवारीमा र नेताको नजिकमा भएका हुन्छन् जसले आफ्नो पार्टी र नेताको पक्षमा बढ्तै वकालत गर्छन् । पार्टी पावरमा हुँदा सुविधा र जिम्मेवारी प्राप्त गर्छन् । आफ्नो विश्वास र कर्मलाई उत्कृष्ट मान्छन् । प्रतिस्पर्धी र प्रतिद्वन्द्वीहरूसँग सार्वजनिक खपतका लागि कठोर देखिन्छन् तर व्यावहारिक पक्षको कुरा गर्दा विचार नमिल्नेहरूसँग पनि सहकार्य गर्छन् । यो राजनीतिक चरित्र हो । यसलाई धेरै अस्वाभाविक मान्नुहुँदैन । अर्को एक खालका मानिस हुन्छन् उनीहरूमा छिपछिपे बुझाइ हुन्छ । यो पंक्तिमा अधिकांश प्रविधिमा पहुँच भएका युवा छन् । उनीहरूमा अतिवाद अलि धेरै देखिन्छ । सामाजिक सञ्जालमा पोखिन्छन् । अरूलाई गाली गर्छन् । सबैलाई खराव देख्छन् तर विकल्प के हो भन्न सक्दैनन्, देख्दैनन् । उनीहरूको बुझाइ र देखाइ निकै सतही हुने कारणले समस्याको गहिराइलाई राम्ररी बुझ्दैनन् र आक्रोश पोख्छन् । यो समूह अलि बढी निराश पनि देखिन्छ । यिनीहरूले आर्थिक र सामाजिक पीडा भोगेका होलान् । विदेशको सम्पन्नता देखेर हामीमा किन भएन भनेर आक्रोश जन्मिएको होला तर यो समूहले राजनीतिक पीडा कम भोगेको छ । यो वर्ग अस्थिर राजनीतिक शक्ति हो ।हरेक चुनाव यस्तो अवसर हो जसले अस्थिर मतदातालाई राजनीति, इतिहास, समाज, आर्थिक अवस्था, हाम्रो सामर्थ्य, विकासको प्रक्रिया र सम्भावना आदिका बारेमा सुसूचित गराउँछ । वास्तविक नेता ती मात्रै हुन् जसले मतदाताको कमजोर अवस्थालाई बदल्ने साहस गर्छन्, साथमा लिन्छन् र बाटो देखाउँछन् । जसले मतदाताको कमजोर अवस्थाको फाइदा उठाएर लोभलालच र भुलभुलैया कुरा गर्छन् ती वास्तवमा नेता हुनै सक्दैनन् । त्यस्ता मानिस हाम्रो मत लुट्ने लटेरा हुन भन्दा फरक पर्दैन । जबसम्म जनता वास्तविक नेता र लुटेरा नेताको बीचमा फरक छुट्याउन सक्ने हुँदैनन् तबसम्म जनताको भोट लुटिने क्रम जारी रहन्छ । यसरी जनता भोट बेच्न तयार हुने र लुटेरा नेता किन्न तयार हुँदासम्म जनताका समस्या, जनताका मुद्दामाथि खासै बहस र छलफल हुँदैन । यो अवस्थाको अन्त्य गरेर जनतालाई सचेत पार्ने अभियानको रूपमा चुनावलाई लिनु आजको आवश्यकता हो ।

मतदातालाई सचेत बनाउने विषय ढुंगा पल्टाए जस्तो होइन । एकपटक बल गरेर पल्टायो पुग्यो । यो त ढुंगालाई फुटाएर धुलो बनाउने जस्तो हो । जुन काम निरन्तर गरिरहनुपर्छ । नेताले जनता झुक्याएर मत लुट्ने र जनताले स्वार्थ एवम् भुलभुलैयमा परेर मत बेच्ने वा सोचविचार नगरी आक्रोशमा मत पोख्ने हो भने परिवर्तन, विकास र समृद्धि टाढिने छ । त्यसैले मौका पाउनासाथ देश लुट्ने, आफन्त पोस्ने, जसरी पनि सत्तामा पुग्न जनताको मत लुट्न आउनेलाई प्रश्न गरेर ग्याखन्याख्ती पारौं र आफ्नो मत विकास, अग्रगमन र समृद्धिको पक्षमा मतदान गरौं । यतिखेर देशको आर्थिक अवस्था निकै कमजोर छ । आर्थिक संकटको पीडाबाट आम मानिस छट्पटाएको अवस्था छ । शेरबहादुर देउवा नेतृत्वमा भएको गठबन्धन सरकारले आफ्ना कार्यकर्तालाई लाभको पदमा आसीन गराउने काम गरेको छ । यति मात्रै होइन, बजेट बनाउँदा सीमित घरानाका व्यापारीलाई पोस्ने गरी नीतिगत भ्रष्टाचार गरियो । सुशासन कायम र देश विकासको खाका प्रस्तुत गर्ने विषयमा यो सरकार पनि निकम्मा सावित भयो । गठबन्धनको बहुमत आए कसको नेतृत्वमा सरकार बन्छ भन्नेमा अहिले पनि अलमल देखिन्छ । सूत्रमा भन्दा जहाँ प्रचण्ड त्यहाँ भाँडभैलोको अवस्था देखिदैछ । आगामी निर्वाचनले मतदाताले यी विकृतिविरुद्ध मत जाहेर गरेमा मुलुकले भोगेका समस्याको समाधान खोज्नुपर्छ । *साभार: अनलाइनखबर*

# बुवाको अनुहारमा खुसी हरायो, मेरो भोट खसाल्ने जाँगर



सागर पौडेल

म गाउँको सामान्य परिवारमा जन्मेको मान्छे। झन्डै १०/११ वर्षको थिएँ होला, देशमा कुनै एउटा आवधिक निर्वाचन चलिरहेको थियो। गाउँलाई चुनावी माहोलले निकै तताइरहेको थियो। तर मलाई चुनाव के हो भन्ने थाहा थिएन। सबैको घर-घरमा विभिन्न पार्टीका झन्डाहरू फरफराउँथे। घर, पर्खाल, धारा, सार्वजनिक स्थल आदिका भित्तामा विभिन्न पार्टीका पम्प्लेटहरू टाँसिएका हुन्थे। सार्वजनिक स्थलहरूमा चर्को-चर्को स्वरमा राजनीतिक गफहरू हुन्थे तर म केही पनि बुझ्दिनथें।गाउँमा विभिन्न र्‍याली, प्रदर्शन तथा सभाहरू हुन्थे। गीत गाउने बजाउनेका साथै चर्को-चर्को आवाजमा भाषणबाजी हुन्थ्यो। त्यो देख्दा मलाई एकदमै रमाइलो लाग्थ्यो। हामी साना केटाकेटी जुन पार्टीको र्‍याली आए पनि उनीहरूको पछि-पछि लाग्थ्यौं।हामीलाई पढाउने सरहरू पनि काँधमा झन्डा बोकेर फलानो पार्टी जिन्दावाद! जिन्दावाद ! भन्दै माइकिङ गर्नुहुन्थ्यो। हामी साथीहरू मिलेर पनि जिन्दावाद! जिन्दावाद ! भन्थ्यौं। त्यति मात्र होइन, कहिलेकाहीं त साथी-साथी मिलेर स्कुल जाने तथा फर्कने बेलामा बाटोमा र खेल्ने मैदानमा पनि हामीलाई थाहा भए जति पार्टीहरूको नाम उच्चारण गर्दै चर्को-चर्कोस्वरमा सबैलाई जिन्दावाद ! जिन्दावाद! भन्थ्यौं।

हाम्रो घरमा पनि चुनाव लागिसकेको थियो। मेरो बुवाले पनि घरको धुरीमा सानो झन्डा टाँग्नु भएको थियो। एकदिन गाउँकै एक राजनीतिक पार्टीको सभामा एकजना दाइले मलाई घरमा भएको भन्दा अलिक ठूलो झन्डा दिनुभयो। हेर्दा राम्रो लाग्यो। घरमा आएर धुरीको अर्को कुनामा लगेर टाँगें। बेलुका बुवाले त्यो झण्डा कहाँबाट ल्यायौ, निकाल, हाम्रो पार्टीको होइन भन्नुभयो।मैले सोधें, 'हामी कुन पार्टीको हो त बुवा ?'बुवाले सबै कुरा मलाई बुझाउने गरी सम्झाउनुभयो। अनि बल्ल थाहा भयो कि सबैजनाको एउटै पार्टी हुने रहेनछ। त्यसपछि त मैले नि नबुझी-नबुझी आफ्नो पार्टीको गुणगान गाउन थालें। किनकि गाउँको माहोल नै त्यस्तै थियो। यसरी केही दिनपछि निर्वाचनको समय आयो। हामी केटाकेटीलाई घरमै छोडेर घरका सबै सदस्यहरू भोट हाल्न झन्डै एक घन्टा उकालो हिंडेर बिहान सबेरै गाविस भवनमा जानुभयो। वल्लो गाउँ, पल्लो गाउँका पनि सबैजसो मानिस भोट हाल्न सबेरै गएका थिए। घरमा रहेका गाई, भैंसी, बाख्रा जस्ता पशु-चौपायाहरूलाई अघिल्लो दिनबाट नै खानेकुराहरूको प्रबन्ध सबै जनाले गरेका थिए। गाउँमा केटाकेटी र हिंड्न नसक्ने वृद्ध-वृद्धाहरू मात्र थिए।मलाई त्यही समयमा लागेको थियो- मैले पनि भोट हाल्न पाए। तर अहिले थाहा भयो म त बालिग भएको रहेनछु। हुनत हाम्रो संविधान पनि उस्तै छ। देशमा लोकतान्त्रिक पद्धतिको अभ्यास भइरहेको छ। सबै जनताले आफ्नो व्यक्तिगत स्वतन्त्रता प्रयोग गर्दै सक्षम प्रतिनिधि छनोट गर्ने अधिकार पनि रहेको छ। तर नागरिकले वैधानिक रूपमा एउटा पनि उम्मेदवार योग्य छैनन् भनी बहिष्कार गर्न पाउने स्वतन्त्रता सम्बन्धी अधिकार छैन । हाम्रो घरमा ब्याट्रीबाट चल्ने एउटा रेडियो थियो। त्यतिबेलासम्म गाउँमा बिजुली पुगिसकेको थिएन। बुवाले निर्वाचन परिणाम थाहा पाउन सबै काम छाडेर रेडियो नेपाल सुनेर बस्नुभयो। वरिपरिका राजनीतिक दर्शन मिल्ने छिमेकीहरू पनि हाम्रो घरमा जम्मा हुन्थे। निर्वाचनको भोलिपल्टबाट मतगणना सुरु भयो।

केही दिनपछि निर्वाचनको परिणाम आयो। संयोगवश बुवाले नै भोट हालेको पार्टीको उम्मेदवारले जित्यो। मलाई अझै पनि अचम्म लाग्छ कि आफूले भोट हालेको पार्टीको उम्मेदवार ले जित्दा मेरो बुवा यति धेरै खुसी हुनुभयो कि खुसीको कुनै सीमा नै रहेन। तर अहिले यिनै खराब नेताहरूले गर्दा लाखौं बुबाहरूको मुहार दु:खी छ। मैले माध्यमिक शिक्षा हासिल गर्ने क्रममा कक्षा-१० को सामाजिक शिक्षा पुस्तकमा बालिग मताधिकारबारे अध्ययन गरें। मलाई झनै एकपटक भोट हाल्न पाए हुने भन्ने कौतूहलता जागेर आएको थियो। वि.सं. २०७० मा भएको संविधानसभाको दोस्रो निर्वाचनमा मैले पहिलोपटक मतदान गर्ने अवसर पाएको थिएँ। त्यतिबेला मलाई पहिलो पटक मतदान प्रक्रियामा सहभागी हुन पाउँदा छुट्टै आनन्दको महसुस भएको थियो। मलाई योग्य तथा अयोग्य उम्मेदवार र कुन राम्रो राजनीतिक दल केही पनि थाहा थिएन। म राम्रो उम्मेदवार छनोट गर्नु भन्दा पनि मतदान गर्न पाउनुमा नै खुसी थिएँ। मैले हाम्रो घरको सदस्यहरूले जुन-जुन चिन्हमा भोट हाल्नुभयो, त्यही अनुसरण गर्दै तिनै चिन्हहरूमा मतदान गरें।

त्यस्तै दोस्रोपटक स्थानीय निकाय निर्वाचन-२०७४ को निर्वाचन प्रक्रियामा भाग लिएँ। घर-घरमा चुनावी घोषणापत्र बोकेर आउने उम्मेदवारहरूको विचार सुन्दा अब हाम्रा दु:खका दिन साँच्चिकै सकिएछ कि जस्तो लाग्थ्यो। विभिन्न दलका उम्मेदवारहरूमध्ये आफूलाई योग्य लागेका उम्मेदवारहरूलाई मतदान गरें। यसरी अब गाउँ-गाउँमा सिंहदरबार आउने भयो भनेर विभिन्न जनप्रतिनिधिहरूलाई स्थानीय सरकारमा पुऱ्याइयो। फेरि, तेस्रो पटक सङ्घीय संसद तथा प्रदेश सभा निर्वाचन-२०७४ को निर्वाचन प्रक्रियामा भाग लिएँ। उक्त चुनावमा पनि विभिन्न आशाहरूका साथ विभिन्न प्रतिनिधिहरूलाई सरकारमा पठाइयो। त्यस्तै हालसालै सम्पन्न स्थानीय तह निर्वाचन-२०७९ को निर्वाचन प्रक्रियामा समेत सहभागी भएर जनप्रतिनिधि छनोट गरियो।

तर यो पालि कुनै पनि उम्मेदवार लाई भोट हाल्दा यो मनमा खुसी भने पटक्कै छाएन। यसपटक निर्वाचन प्रक्रियामा भाग लिएको चौथो पटक हो। अब फेरि, प्रतिनिधिसभा निर्वाचन २०७९ मङ्सिर ४ गते हुँदैछ। निर्वाचनमा उठेका उम्मेदवारहरूको राजनीतिक पृष्ठभूमि र विगतको व्यवहारलाई नियाल्दा मलाई किन-किन यसपालि पटक्कै भोट हाल्न मन लागेको छैन। मुलुकको संविधानले सबै नागरिकहरूलाई भोट हाल्ने अधिकार दिएको छ। तर भोट नदिने वा नकारात्मक मत सम्बन्धी कुनै पनि अधिकारको व्यवस्था गरेको छैन। पहिले त चुनाव आउँदा पाँच वर्षको एक चोटि आउने हो, मतदान गर्नुपर्छ भन्ने लाग्थ्यो। आफ्नो संवैधानिक हकको प्रयोग गर्दै असल लोकतान्त्रिक प्रणालीको अभ्यास गर्नुपर्छ जस्तो लाग्थ्यो। मनमा एक किसिमको खुसी छाउँथ्यो। कुशल, क्षमतावान र देशप्रेमी प्रतिनिधि छनोट गर्नुपर्छ जस्तो लाग्थ्यो। अहिले मलाई लाग्छ- लोकतान्त्रिक अभ्यासको यति लामो इतिहास पुग्यो, हामीले धेरै जनप्रतिनिधि छनोट गर्‍यौं। त्यसको बदलामा हामीले के पायौं ? हामीले केको लागि हो प्रतिनिधि छनोट गरेको ? किन भोट माग्न आउने उम्मेदवारहरू र हामी सर्वसाधारण नागरिकहरूको आर्थिक हैसियत समान छैन ? फेरि उनीहरूको भन्दा हामीले धेरै मिहिनेत गरेका छौं। मुलुक आम बेरोजगारी समस्याले ग्रसित छ। आज लाखौं युवाको श्रम कौडीको मूल्यमा अरबका खाडीहरूमा शोषण भएको छ। देशका राम्रा प्रतिभाहरू युरोप र अष्ट्रेलियामा पलायन भएका छन्। देशमा रहेका बेरोजगार युवाहरूलाई पार्टीको अन्धभक्त बनाएर प्रयोग गरिएको छ। यहाँ जागिर पाउन पार्टीको झन्डा बोकेर हिंड्नुपर्छ। दिनहुँ व्यापार घाटाले मुलुकको अर्थतन्त्र नै संकटग्रस्त देखिन्छ। देशमा चरम महङ्गी छ। सर्वसाधारण नागरिकहरूको दैनिक जीवनयापन चलाउन धौ-धौ देखिन्छ। आम नागरिकहरू बीचमा चरम आर्थिक असमानता छ।देशमा भ्रष्टाचारले बलियो जरा गाडेको छ। आम बहुसंख्यक जनताको अवस्था दयनीय छ। आर्थिक वृद्धि र आर्थिक विकासको गति कछुवाको गतिमा हिंडेको छ। सामाजिक न्याय र कानुनी राज्यको सिद्धान्त मरिसकेको छ। यहाँ संविधानले प्रत्याभूत गरेका नागरिकहरूको अधिकार समेत खोसिएको छ।कहिलेकाहीं सोच्ने गर्छु, यतिका धेरै उम्मेदवार हरू छनोट गरेर आखिर हामीले के पायौं ? हाम्रा बुवाहरूले पनि धेरै प्रतिनिधि छनोट गर्नुभयो। मैले पनि झन्डै चारवटा निर्वाचनमा भाग लिएर केही प्रतिनिधिहरू छनोट गरें। अहिलेसम्म आउँदा विभिन्न राजनीतिक व्यवस्थाहरू फेरिए। तर घरपरिवार, समाज र देशको आर्थिक अवस्था कुनै पनि परिवर्तन आउन सकेन। उनै पुराना राजनीतिक पार्टीका उम्मेदवारहरूलाई आखिर फेरि पनि विश्वास गर्ने आधारहरू के छन् ?

अहिले त मुलुकमा चुनाव आउँदैछ भन्दा पनि उराठ जागेर आउँछ। उफ् ! फेरि पनि भोट हाल्न जानुपर्ने हेला ! मुलुकको संविधानले असल लोकतान्त्रिक प्रणालीको अभ्यास गर्ने गरी 'राइट टु रिजेक्ट' को व्यवस्था गर्न सकेको छैन। निर्वाचन प्रक्रियामा संलग्न कुनै पनि उम्मेदवारलाई म भोट दिन्न (नकारात्मक मत) भन्ने मतदाताको स्वतन्त्रतालाई सम्मान गर्नुपर्छ। कम्तीमा कुनै पार्टीबाट जित्ने उम्मेदवारले सकारात्मक कुल मतको ५० प्रतिशत भन्दा बढी मत प्राप्त गर्नुपर्ने व्यवस्था गर्नुपर्छ। यसबाट 'राइट टु रिकल' अर्थात् मतदान गर्ने जनताले जनप्रतिनिधिको व्यवहारमा अविश्वास लागेमा कुनै पनि समयमा पुरानै अवस्थामा फिर्ता बोलाउन सक्ने व्यवस्था गरेमा नेपाली जनताले सार्वभौम सम्पन्न राज्यको महसुस गर्ने थिए। साथै यस्तो व्यवस्था कायम भएमा राज्यका हरेक निर्वाचनहरूमा हामी जस्ता सर्वसाधारण नागरिकहरूलाई खुसी प्रदान गर्दै आफूले चाहेको कुशल, क्षमतावान र देश प्रेमी उम्मेदवार छनोट गरी असल लोकतान्त्रिक पद्धतिको अभ्यास भएको महसुस हुनेथियो। त्यस्तै कुनै पनि राजनीतिक दल र उम्मेदवारप्रति यो हदसम्म वितृष्णा सिर्जना हुने थिएन।अत:मुलुकलाई लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा स्थापना गराई स्वतन्त्रता, सामाजिक न्याय र आर्थिक समृद्धिको दिशातर्फ डोऱ्याउन राइट टु रिजेक्ट र राइट टु रिकलको संवैधानिक व्यवस्था गराउन जुनसुकै राजनीतिक दलका सदस्यहरू कटिबद्ध हुन आवश्यक छ। जहाँ आधुनिक लोकतान्त्रिक प्रणालीको अभ्याससमार्फत जनताले आफ्नो मनले रोजेको कुशल, क्षमतावान र देशप्रेमी जनप्रतिनिधि छनोट गर्न सकून्। साथै नेपाली जनताले सार्वभौमसत्ता सम्पन्न राज्यको महसुस गरुन्।साभार: अनलाइनखबर

# एक करोड हारहारीमा 'महापुरुष'को ओपनिङ, हल-हलमा दर्शक भेट्दै हरिवंश



काठमाडौं / हरिवंश आचार्य स्टारर फिल्म 'महापुरुष'ले घरेलु बक्सअफिसमा १ करोड रुपैयाँ ग्रस हारहारीमा 'ओपनिङ' गरेको छ । शुक्रबार यो फिल्म नेपालसहित अष्ट्रेलिया र अमेरिकामा पनि रिलिज भएको थियो । नेपालका एकसय १२ हलबाट प्रदर्शनमा आएको फिल्मले बिहानैदेखि काठमाडौं उपत्यकासहित मोफसलका ठूला सहरमा ७० देखि शतप्रतिशत अकुपेन्सीको ओपनिङ गर्‍यो ।

फिल्मको ओपनिङमा ६५ प्रतिशत काठमाडौं र बाँकी मोफसल टेरिटोरीको योगदान देखिन्छ । यद्यपी, कलेक्सनको अन्तिम आँकडा आउन बाँकी छ । काठमाडौं, भक्तपुर र ललितपुरस्थित मल्टिप्लेक्सहरु (ए र बी वर्गका समेत) दुबै हाउसफूल रहे । चितवन, पोखरा, बुटवल, इटहरी लगायतका मोफसलका ठूला सहर हरु समेत महापुरुषमय बने । फिल्मले दर्शकबाट सकारात्मक वर्ड अफ माउथ प्राप्त गरेको छ र यसको फाइदा आगामी साताभरि नै देखिन्छ ।

एकै परिवारका २८ सदस्यले भक्तपुर स्थित क्यूएफएक्स हलमा 'महापुरुष' हेर्न लाग्दा टिकट देखाउँदै हरिवंश । पहिलो दिन एक करोड ओपनिङ गरेको फिल्मले दोस्रो दिन शनिबार स्वभाविकरुपमा त्यो भन्दा बढी कमाइ गर्नेछ । यो ट्रेन्ड हेर्दा आइतबारसम्मको सार्वजनिक बिदाको अवधिभर फिल्मको पहिलो सप्ताहको कमाइ ५ करोड आसपास हुने प्रक्षेपण छ ।'महापुरुष'को सकार त्मक पक्ष के हो भने यो फिल्म बक्सअफिसमै लामै समय चल्ने देखिन्छ । 'वर्ड अफ माउथ' सकारात्मक भएकाले यसको स्थिर कमाइ पहिलो र दोस्रो सप्ताहन्तसम्म स्पष्ट देखिन्छ ।प्रदीप भट्टराई निर्देशित फिल्म महापुरुषमा हरिवंश आचार्य, रविन्द्रसिंह बानियाँ, अरुण क्षेत्री, अञ्जना बराइली, मदनकृष्ण श्रेष्ठ, राजाराम पौडेल लगायतको अभिनय छ ।म्याक्स दिपेश खत्री निर्मित फिल्मको कार्यकारी निर्मातामा बानियाँ स्वयम छन् । फिल्म रिलिजको दिनमा कलाकार, निर्देशक र निर्मातासहितको महापुरुष टोलीले दर्शकसँगै हल भिजिट गरेको थियो ।अनलाइनखबर

# प्रधानमन्त्री कप क्रिकेट : दीपेन्द्रको कप्तानीमा पुलिसको टोली घोषणा




काठमाडौं/ प्रधानमन्त्री कप एकदिवसीय राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताका लागि नेपाल पुलिस क्लबले दीपेन्द्र सिंह ऐरीको कप्तानीमा टोली घोषणा गरेको छ । दीपेन्द्रको कप्तानीमा रहेको १४ सदस्यीय पुलिसको टोलीमा अधिकांश राष्ट्रिय टोलीबाट खेलिसकेका खेलाडीहरु छन् । हाल राष्ट्रिय टिममा रहेका मध्ये दीपेन्द्रसँगै आरिफ शेख, करण केसी, सागर ढकाल, पवन सर्राफ पुलिसको टिममा छन् । यस्तै कुशल भुर्तेल, सुनिल धमला, ललित राजवंशी, गुल्शन झा, दिलिप नाथ, रासिद खान पनि पुलिसको टिममा छन् ।

यसबाहेक अमित श्रेष्ठ, शंकर राना, योगेन्द्र सिंह कार्की पनि पुलिसको टिममा छन् । यसअघिका प्रतियोगिताहरुमा भेट्रान अलराउण्डर मन्जित श्रेष्ठले पुलिसको कप्तानी गरेका थिए । गत भदौमा भएको नवौं राष्ट्रिय खेलकुदबाट भने मन्जितले दीपेन्द्रलाई कप्तानी हस्तानतरण गरेका थिए । प्रधानमन्त्री कपका लागि भने मन्जित पुलिसको प्रशिक्षण टोलीमा छन् । मनोज कटुवाल प्रशिक्षक रहेको पुलिस टिममा मन्जित सहायक प्रशिक्षक छन् । यसअघि मन्जितकै प्रशिक्षणमा पुलिसको महिला टिमले नवौं राष्ट्रिय खेलकुदमा स्वर्ण जितेको थियो ।समूह बी मा रहेको पुलिसले पहिलो खेल बागमती प्रदेशसँग कात्तिक १३ गते मुलपानी मैदानमा खेल्नेछ ।**पुलिसको टोली** : दीपेन्द्रसिंह ऐरी (कप्तान), आरिफ शेख (उपकप्तान), कुशल भुर्तेल, दिलिपन (विकेटकिपर), अमित श्रेष्ठ, शंकर राना, सुनिल धमला, सागर ढकाल, ललित राजवंशी, योगेन्द्सिंह कार्की, राशिद खान, पवन सरार्फ, करन केसी, गुल्शन झा ।

# सीमापार विस्फोटले नेपालमा मानवीय क्षति, फेरि थालियो कूटनीतिक पहल



डडेलधुरा / भारतमा विस्फोट गरिएको ढुंगा उछिट्टिएर शुक्रबार दार्चुलाको व्याँस गाउँपालिका-२, तम्बाकुस्थित बाटोमा हिँडिरहेका नौ वर्षीय पवन महरालाई लाग्यो । तम्बाकुबाट घर फर्कने क्रममा सीमापारिबाट उछिट्टिएर आएको ढुंगा लागेर उनको मृत्यु भयो ।

लखिमपुरको चट्टानी भू-भागमा सडक निर्माण गरिरहेको निर्माण कम्पनीले सीमा क्षेत्रमा पूर्वसूचनाबिनै विस्फोट गराएको थियो । व्याँस-२ का वडाध्यक्ष धीरनसिंह बुढाथोकीका अनुसार यसअघि विस्फोट गराउँदा सूचना दिने गरिएको थियो ।यसअघि भारतीय क्षेत्रमा विस्फोट गराउँदा सिट्ठी लगाएर सूचना दिने गरिएको थियो, उनले भने, "तर, यसपटक कुनै सूचना नै नदिएर विस्फोट गराउँदा मानविय क्षति नै भएको छ ।'

दार्चुलाका प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायका अनुसार उक्त घटनापछि फेरि कूटनीतिक पहल थालिएको छ । "कूटनीतिक पहलका लागि गृह मन्त्रालयलाई घटना विवरणसहित सम्पूर्ण जानकारी पठाएका छौँ,' उनले भने, "गृहले परराष्ट्र मन्त्रालयमार्फत कूटनीतिक पहल गर्नेमा विश्वस्त छौँ ।'उनका अनुसार महाकाली नदीको किनार "किनार मानसरोवर जोड्ने सडक दुई लेनमा स्तरोन्नति गर्ने क्रममा भारतले पछिल्ला चार/पाँच वर्षदेखि विस्फोट गराउँदै आएको छ । "विस्फोटका कारण भौतिक क्षति त धेरै भइसकेको छ,' उनले भने, "यसपटक मानवीय क्षति पनि भएको छ । हामीले भारतीय समकक्ष (डीएम)सँग पनि राहत र क्षतिपूर्तिका लागि पहल गरिसकेका छौँ । सडक निर्माणको जिम्मा पाएको निर्माण कम्पनी पनि राहत र क्षतिपूर्ति दिनका लागि पोजिटिभ देखिएको छ ।' ०७८ जेठमा सोही सडक (कैलाश मानसरोवर सडकखण्ड) निर्माणका क्रममा भारतले विस्फोटक पदार्थ विस्फोट गराउँदै नेपाली भू-भागमा क्षति भएको थियो । नेपाली भू-भागको बाटो समेत भत्किएपछि जिल्ला प्रशासन कार्यालय दार्चुलाले भारतलाई पत्र पठाएको थियो ।

दार्चुलाका तत्कालीन प्रमुख जिल्ला अधिकारी सिद्धराज जोशीले भारतको पिथौरागढस्थित धारचुलाका जिल्ला अधिकारी आनन्द स्वरूपलाई नेपालको भू-भागमा भइरहेको क्षति रोक्न र अवरुद्ध बाटो सञ्चालन गर्न आग्रहसहित पत्र पठाएका थिए । नदीमा खसेको चट्टानलाई पन्छाउन र बहावलाई प्राकृतिक धारमा फर्काउन पनि आग्रह गरिएको थियो । त्यसको जानकारी गृह मन्त्रालयलाई गराइएको थियो । कूटनीतिक माध्यमबाट समस्या समाधान गर्न आग्रह गरिएको थियो ।

उक्त समयमा व्याँस-२ को कल्जु क्षेत्रमा भारतले सडक निर्माणका क्रममा विस्फोट गराउँदा तम्बाकु क्षेत्रमा बाटो अवरुद्ध भएको थियो । प्रहरीचौकी दुम्लीङबाट उत्तरी क्षेत्रमा पर्ने तम्बाकु क्षेत्रनजिकै नेपालतिरको बाटो पूरै अवरुद्ध भएको थियो । नेपालले 'कूटनीतिक नोट' पठाए पनि भारतले सीमा क्षेत्रमा निर्वाध रूपमा विस्फोट गराउन छोडेको छैन । नेपाली भू-भाग लिपुलेक, कालापानी र लिम्पियाधुरा भएर तिब्बतस्थित धार्मिकस्थल मानसरोवरसम्म जाने बाटो निर्माणकार्यको ०७७ वैशाख २६ गते तत्कालीन भारतीय गृहमन्त्री राजनाथ सिंहले 'भर्चुअल' रूपमा उद्घाटन गरेका थिए । त्यसपछि तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले लिपुलेक विवादबारे जुनसुकै तहमा भारतसँग कुरा गर्न र कूटनीतिक माध्यमबाट समस्या समाधान गर्न नेपाल सरकार इच्छुक रहेको जानकारी राजदूतमार्फत पठाए । नेपालमा भारतको कदमको विरोध बढेपछि सरकारले भारतीय राजदूत विनयमोहन क्वात्रालाई परराष्ट्र मन्त्रालयमा बोलाएर फेरि कूटनीतिक नोट थमायो । नेपाली भूमि हुँदै मानसरोवर जाने सडक उद्घाटन गरेको विषयप्रति असहमति जनाउँदै सरकारले ०७७ वैशाख २९ गते कूटनीतिक नोट थमाएको थियो । तर, भारतले कुनै चासो दिएन । अहिले सोही सडक निर्माणका क्रममा भारतले लगातार पूर्वसूचनाबिना नै विस्फोट गराउँदै आएको हो ।

दार्चुलाका प्रमुख जिल्ला अधिकारी उपाध्यायका अनुसार अहिले नेपाली सेनाले पनि नेपालतर्फ महाकाली करिडोर निर्माण गर्दा विस्फोट गर्दै आएको छ । "भारतले विस्फोट गर्दा नेपालमा र नेपालले गर्दा भारतमा लगातार भौतिक क्षति भइरहेको छ,' ` सावधानी अपनाएर मात्रै विस्फोट गर्न सचेत गराएका छौँ ।'यसरी बढ्यो नेपाल-भारत सीमा विवाद ०७६ कात्तिक १६ गते भारत सरकारले जम्मु-कस्मिर र लद्दाखलाई केन्द्र शासित प्रदेश बनाएपछि जारी नयाँ नक्सामा लिम्पियाधुरा र कालापानीलाई पनि समावेश गर्‍यो । त्यसपछि पुन: नेपाल-भारत सीमा विवाद सुरु भएको थियो । त्यसको चार दिनपछि ०७६ कात्तिक २० गते कालापानी क्षेत्र नेपालको भू-भाग हो भन्ने विषयमा नेपाल सरकार स्पष्ट रहेको भन्दै परराष्ट्र मन्त्रालयले विज्ञप्ति निकाल्यो । कात्तिक २१ गते भारतको विदेश मन्त्रालयले आफ्नो नयाँ नक्सामा नेपालसँगको सीमामा कुनै हेरफेर नगरेको प्रतिक्रिया दियो । ०७६ मंसिर ३ गते भारतको नयाँ नक्साबारे भारत सरकारलाई कूटनीतिक नोट पठाइयो । जसमा परराष्ट्र मन्त्रालयले सुगौली सन्धिअनुसार महाकाली नदीपूर्वका लिम्पियाधुरा, कालापानी र लिपुलेक नेपालको भूमि भएको पुन: स्मरण गराएको थियो ।०७७ वैशाख २६ गते भारतका रक्षामन्त्री राजनाथ सिंहले नेपालले दाबी गरेको धार्चुला-लिपुलेक क्षेत्रमा निर्मित उक्त सडक सञ्जालको भिडिओ कन्फरेन्समार्फत उद्घाटन गरेपछि सीमा विवाद झनै बल्झिएको थियो । त्यसको भोलिपल्ट सडक निर्माण गर्ने एकतर्फी गतिविधि दुई देशबीच प्रधानमन्त्रीस्तरमै भएका समझदारीविपरीत रहेको भन्दै नेपालले प्रतिक्रिया जनायो । सोही दिन भारतको विदेश मन्त्रालयले उक्त सडक सञ्जाल उत्तराखण्ड राज्यको पिथौरागढ जिल्लामा पर्ने प्रतिक्रिया दियो । ०७७ जेठ ७ गते नेपालको मन्त्रिपरिषद्ले कालापानी, लिम्पियाधुरा र लिपुलेक भएको नेपालको आधिकारिक नक्सा जारी गरियो । ०७७ जेठ ३१ गते नेपालले जारी गरेको नयाँ नक्साअनुसार निसान छाप परिमार्जन गर्ने प्रस्ताव गरिएको संविधान संशोधन विधेयक प्रतिनिधिसभाबाट पारित भयो । ०७८ साउन १५ गते नेपाली युवा जयसिंह धामी महाकाली तर्ने क्रममा भारतीय पक्षले तुइन काट्दा नदीमा खसेर बेपत्ता भए । सीमा विवाद झनै बढ्यो । सो क्रममा भारतले नेपाली भू-भागमा अनुमतिबिना हेलिकोप्टर समेत उडाएको थियो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark


एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# अमृता सिंह :टुट्यो विवाह, गुम्यो करियर



मुम्बई- बलिउड अभिनेत्री अमृता सिंह र अभिनेता सैफ अली खानले सन् १९९१ मा विवाह गरे । आफ्नो विवाहले यो जोडी दंग थिए, किनकी विवाहकै लागि उनीहरूले कैयौं निर्णय लिएका थिए । उमेरले सैफ अमृताभन्दा १४ वर्ष कान्छा थिए । करियरको मामलामा पनि सैफ र अमृताको करियर आकाश पातालको फरक थियो । अमृता स्टारडममा रमाइरहँदा सैफ भने करियर बनाउन संघर्षरत थिए ।

सैफ कामको खोजीमा थिए र जुन काम पाउँथे, त्यसको खासै महत्व हुँदैन थियो । तर, भाग्यमा जे पाउनु थियो, त्यो पाए । अमृतासँगको विवाहपछि सैफले करियर त बनाए, तर अमृताले के पाइँन ? अमृतासँग विवाह गरेपछि सैफको भाग्यको ढोका खुल्यो । उनको सुस्त करियर तिब्र रुपले चल्न थाल्यो । उनले काम पाउन थाले, दर्शकले मन पराउन थाले । एक समय यस्तो पनि आयो कि सैफको 'चार्मिङ लुक्स'देखेर युवतीहरु मोहित भए । तर अमृताले के पाइँन् ? सैफसँग विवाह हुँदा उनी बलिउडकी जल्दोबल्दो अभिनेत्री थिइन् । दर्शकहरु उनलाई मनपराउँथे । ठूला स्टारसँग काम गरेपछि पाएको सफलताले उनी उत्साहित थिइन् । तर, सैफसँगको विवाहपछि उनको करियरको उल्टो गिन्ती सुरु भयो ।सैफसँग विवाह पछि २-३ वर्ष अमृता केही फिल्ममा मात्र देखिइन् । तर विस्तारै उनले फिल्म पाउन नै छाडिन् । घर परिवारको जिम्मेवारीमा परेपछि उनले फिल्मबाट दूरी बनाइन् ।सैफको करियर चम्किइरहँदा अमृताको चमक भने फिका हुँदै गएको थियो । अन्तत: आमा बनेपछि अमृता सन् १९९५ देखि पूर्ण रुपमा फिल्मबाट टाढिइन् ।जुन सम्बन्धका लागि अमृताले सबै छोडिन्, त्यो सम्बन्ध पनि लामो समय टिक्न सकेन । सैफ र अमृताको सम्बन्धमा आएको दरार पहिलाको जस्तो सन्तुलित रहन सकेन । छोरा इब्राहिमको जन्मपछि दुवैको सम्बन्ध बिग्रियो र सन् २००४ मा दुवैले सम्बन्धविच्छेद गरे ।*इकागज*

# कांग्रेसको घोषणा : वृद्धभत्ता ६५ वर्षमै

काठमाडौं/ नेपाली कांग्रेसले ज्येष्ठ नागरिक भत्ता ६५ वर्षमै दिने घोषणा गरेको छ । शनिबार सार्वजनिक घोषणापत्रमा वृद्धभत्ता दिने उमेर क्रमश: ६५ वर्षमा झार्ने उल्लेख गरिएको छ । कांग्रेस नेतृत्वको वर्तमान सरकारले चालु आर्थिक वर्षको बजेटदेखि ६८ वर्ष पुगेका ज्येष्ठ नागरिकलाई वृद्धभत्ता दिँदै आएको छ । तर कांग्रेसले ४ मंसिरको प्रतिनिधिसभा र प्रदेशसभा चुनावका लागि सार्वजनिक गरेको घोषणापत्रमा ६८ वर्ष नागेकालाई दिइने ज्येष्ठ नागरिक भत्ता क्रमश: ६५ वर्षमा झारिने उल्लेख गरिएको छ ।

कांग्रेसले ६५ वर्षमाथिका सबै ज्येष्ठ नागरिकको निशुल्क स्वास्थ्य बीमा गर्ने घोषणा गरेको छ । त्यस्तै ७३ वर्ष पुगेकाहरुको उपचार निशुल्क गर्ने घोषणा पनि गरेको छ ।

# विराटनगरमा छठको रौनक



विराटनगर / विराटनगरमा यति बेला छठ पर्वको हर्षोल्लास छ । तराई-मधेसमा छठलाई विशेष महत्वसाथ मनाउने गरिन्छ । चार दिनसम्म श्रद्धापूर्वक मनाइने यो पर्वको पहिलो दिन 'नहाय-खाय हो ।
प्रदेश नम्बर-१ को राजधानी विराटनगरमा छठको मुख्य दिनका लागि भव्य तयारी गरिएको छ । सिंघिया खोला, केसलिया खोला र सुनसरी-मोरङ सिँचाइ आयोजनाको नहरमा घाट तयार गरिएको छ ।छठ पूजा समारोह समितिले विराटनगरका खोलानालामा सफाइ गरी घाट सजाउँदै छ । विराटनगर महानगरपालिका-१२, पिचर स्थित नहरमा छठघाट निर्माण कार्यलाई तीव्रता दिइएको छ । विराटनगरको मुख्य बजार र गुदरीमा पूजा सामग्री किनमेल गर्नेको समेत घुइँचो देखिएको छ । छठको मुख्य दिन षष्ठी तिथिमा निराहार व्रत बसेर साँझपख पवित्र जलाशयमा गई अस्ताउँदो सूर्यलाई अर्घ दिने गरिन्छ । सप्तमीका दिन बिहान उदाउँदो सूर्यलाई अर्घ दिएपछि छठ पर्व सम्पन्न हुन्छ ।

साझाकुरा

**"तपाई, हामी सबैको कुरा"**

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

**हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।**

वेवसाइडमाः ***www.sajhakuranews.com***
सर्च गर्न नभुल्नुहोला ।
साझाकुरा वेवसाइटमा सजिलै पढ्न सकिने छ ।



# आगलागी घटना: होटलदेखि पाँच वटा तरकारी पसलमा क्षति

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ हेटौंडा उपमहानगरपालिका-१०, स्थित बसपार्क पछाडिको तरकारी बजारमा आगलागी भएको छ । १० कात्तिक अर्थात् भाइटीकाको दिनमा तरकारी बजार नजिकको होटलमा लागेको आगो तरकारी बजारसम्म सल्किएको थियो ।

तरकारी पसलका सञ्चालकहरु भाइटीकाका लागि पसल बन्द गरेर आ-आफ्नो गन्तव्यतर्फ लागेपछि आगलागी भएको थियो । तरकारी पसलसँगै रहेको होटलमा सिलिण्डर पड्किँदा आगलागी भएको हो । भाइटीकाको दिन साढे १२ बजे सिलिण्डर पड्किएको आवाज आएको स्थानीयहरुले बताएका छन् । सुरुमा स्थानीयले तिहारमा पट्का पड्किएको होला भन्ने सोचेपनि तरकारी बजारबाट आगोको मुस्लो देखेपछि आगलागी भएको थाहा पाएर प्रहरीलाई खबर गरेका थिए । प्रहरीलाई खबर हुने बेलासम्म आगो धेरै सल्किएको थियो ।



तरकारी पसले नवराज पौडेलले आगलागी भएको देखेपछि प्रहरीलाई खबर गरे र हेटौंडा उपमहानगरपालिकाको दुई वटा दमकलले आगलागी नियन्त्रणमा लिएको थियो । सशस्त्र प्रहरी, जनपथ प्रहरी र म्यादी प्रहरीसमेतको सहयोगमा आगो नियन्त्रणमा लिएर थप क्षति हुनबाट रोकिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । मीना गुरुङले सञ्चालन गरेको होटलको आधा दर्जन सिलिण्डर पड्किएको जनाइएको छ । होटलबाट सुरु भएको आगलागीबाट गुरुङले राखेको नगद र सुनसमेत जलेर नष्ट भएको थियो ।

गुरुङलाई बेहोस भएपछि अस्पताल लगिएको थियो । होटल सञ्चालक गुरुङको करिब २५ लाख बराबरको धनमाल जलेर नष्ट भएको अनुमान गरिएको छ । होटलबाट सल्किएको आगोबाट ५ वटा तरकारी पसल र एउटा होटलमा पूर्ण रुपमा क्षति भएको प्रहरीले जनाएको छ । आगलागीबाट केशव दाहाल, हरि खुलाल, बद्री घिमिरे, दशरथ महर्जन र भरत खुलालले संचालन गरेको पसलमा रहेको नगद, अन्य सामग्री र तरकारी जलेर नष्ट भएको जनाइएको छ । खुलालको पसलबाट पाँच लाख रुपैयाँ भन्दा बढी पैसा आधामात्रा जलेको प्रहरीले जनाएको छ ।

नेपाल फलफूल तथा तरकारी व्यवसायी संघ मकवानपुरका महासचिव कृष्ण हुमागाईका अनुसार आगलागीबाट डेढ करोडभन्दा बढी क्षतिको आंकलन गरिएको छ । तरकारी पसलेले खातापातामा टिपोट गरेर राख्दै आएको हिसाबसमेत जलेको छ । खातापाता जल्दा व्यवसायीहरु समस्या परेको संघले जानकारी दिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए ।



हेटौंडा-४ कर्रानजिक वास सेन्टरमा मोटरसाइकल धुने काम गर्दै दुई बालक । १६ वर्षभन्दा मुनीका बालबालिकालाई श्रममा लगाउन नपाइने कानुनविपरीत कर्रा, पिप्लेलगायत क्षेत्रमा रहेका वास सेन्टरमा १६ वर्षमुनिका बालबालिकालाई श्रममा लगाइएको छ । हेटौंडा-१६ घर बताउने सन्तोष राई (नाम परिवर्तन) पनि कर्राको वास सेन्टरमा काम गर्दै आएका छन् । जनप्रिय विद्यालयमा ८ कक्षामा पढ्दै आएका उनले बिदा भएकाले काम गर्न आएको बताए । तर, उनी त्यहाँ नियमित काम गर्दै आएको खुलेको छ । वास सेन्टरका सञ्चालकहरुले बालबालिकाहरुलाई उमेर ढाँट्न लगाउने र बिदामा आएको भन्न लगाउने गरेका छन् । महिनाको ५ हजार पैसा दिने गरेको उती बताउँछन् । उनले दैनिक १५ वटा गाडि र ४० वटा जति मोटरसाइकल धुने गरेको बताएका छन् । खान र बस्न साहुले दिने बताएका उनलाई कानुनविपरीत काममा लगाइरहे पनि नियमनकारी निकायको मौनताका कारण बालश्रम झन बढ्दै गइरहेको छ । तस्बीर: *समिर सिलवाल/साझाकुरा*

# मकवानपुरगढीमा गठबन्धनको प्रचार कार्यालय

साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ मकवानपुरगढीको तीन वटा वडामा बाम-लोकतान्त्रिक गठबन्धनको संयुक्त प्रचारप्रसार कार्यालय उद्घाटन गरिएको छ ।

मकवानपुरगढीको वडा नम्बर ५ को धादिङ बजार, वडा नम्बर ६ को बाग्दली र वडा नम्बर ७ को सुकौरामा बाम लोकतान्त्रिक गठबन्धनको तर्फबाट संयुक्त कार्यालय उद्घाटन गरिएको हो । कार्यक्रममा निर्वाचन क्षेत्र नम्बर २ का प्रतिनिधीसभाका उम्मेदवार विरोध खतिवडाले एमाले अध्यक्ष केपी शर्मा ओलीको प्रतिगमनविरुद्ध उभिएका दलहरुका तर्फबाट साझा उम्मेदवार लाई जिताउनका लागि आव्हान गरे । ‘कांग्रेस, माओवादी, एकीकृत समाजवादीलगायत प्रतिगमनविरुद्धका दलहरुको साझा उम्मेदवारका रुपमा बाम लोकतान्त्रिक गठबन्का तर्फबाट हामी जनताको माझ आएका छौं,’ खतिवडाले भने ।





‘संविधान तथा व्यवस्था जोगाउनका लागि साझा उम्मेदवार का रुपमा गठबन्धन निर्माण गरी जनताका माझ आएकाले हाम्रो जीत निश्चित छ,’ यसैगरी, प्रदेशसभा (क)का उम्मेदवार कुमारी मोक्तानले आफ्नो पार्टीको उम्मेदवार नभएपनि देशमा पटकपटक भएका आन्दोलनबाट प्राप्त उपलब्धि रक्षाका लागि गठबन्धनको उम्मेदवारलाई मत दिनुपर्ने बताए । कार्यक्रममा गठबन्धनमा आवद्ध नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्यहरु प्रल्हाद लामिछाने, मानकुमारी नेपाली, एकीकृत समाजवादी मकवानपुरका सचिव विष्णुप्रसाद दाहाल, पार्टीका भूमिनन्द अर्याल, अर्जुन दाहाल, यतिराज सापकोटा, राजवीर मोक्तान, माओवादी केन्द्रका राजकुमार खड्का लगायत जिल्लास्तरका नेता तथा कार्यकर्ताको उपस्थिति थियो ।

## दुई करोड ३६ लाख ८० हजार मतपत्र छपाइ सकियो

काठमाडौं/ आगामी मंसिर ४ गते हुने निर्वाचनका लागि निर्वाचन आयोगले २ करोड ३६ लाख ८० हजार ५०० मतपत्र छपाइ सम्पन्न गरेको जनाएको छ ।

प्रतिनिधिसभातर्फका लागि १ करोड १८ लाख ९८ हजार र प्रदेशसभातर्फका लागि १ करोड १७ लाख ८२ हजार ५०० गरी जम्मा २ करोड ३६ लाख ८० हजार ५०० मतपत्र छपाइ सम्पन्न भएको आयोगले जनाएको हो । आयोगका अनुसार कात्तिक १३ गते सुदूर पश्चिम प्रदेशका कैलाली, कञ्चनपुर , अछाम, डोटी, डडेलधुरा, बझाङ, बैतडी र दार्चुलामा मतपत्र ढुवानी गरिनेछ ।

साथै ती जिल्लामध्ये समानुपातिकतर्फको मतपत्र ढुवानी हुन बाँकी रहेका जिल्लामा समानुपातिकतर्फको पनि मतपत्र ढुवानी हुने आयोगले जनाएको छ ।

आयोगले कात्तिक ११ गते नै सुदूरपश्चिम, कर्णाली र प्रदेश नं १ का जिल्लाहरूमा निर्वाचन सामग्री ढुवानीको काम सुरु गरिसकेको थियो । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन सुरु हुन एक महिनाभन्दा कम अवधि रहेकाले आवश्यक बाँकी काम तीव्ररुपमा गर्ने आयोगको भनाइ छ ।

# जनताको सेवक बनेर काम गर्छु: बर्तौला



साझाकुरा संवाददाता

हेटौंडा, १२ कात्तिक/ मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर २ मा नेकपा एमालेका उम्मेदवार महेश बर्तौलाले जनताको सेवक बनेर काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

एमाले बागमती प्रदेश कमिटीका उपमहासचिवसमेत रहेका बर्तौलाले जनताको सेवक बनेर काम गर्ने तयारीका साथ चुनावी मैदानमा होमिएको बताए । थाहा नगर पालिका वडा नम्बर १० मा एमालेको आयोजनामा भएको कार्यकर्ता भेटघाट कार्यक्रममा बोल्दै उनले आम मतदाता र यस क्षेत्रका लागि पाँच वर्ष असली सेवक बन्ने र यस क्षेत्रका नागरिकको घर आगनमा रहने बताएका हुन् । ‘आफ्नो घर जलाएर खरानी बनाएर एक थान मन्त्रीको लोभमा फसेर पाटी फुटाएर गएर चुनाव जितेर गएपछि आफ्नो निर्वाचन क्षेत्रमा कति पटक जनताको माझ आउनु भयो र अहिले मलाइ फुच्चे भन्दै हिँड्नु भएको छ भन्ने सुनेको छु,’ प्रतिद्वन्द्वी उम्मेदवार विरोध खतिवडालाई व्यंग्य गर्दै बर्तौलाले भने ।

२० वर्ष एमालेले सांसद् बनाएका खतिवडाले एमालेलाई खरानी बनाएर माओवादी र कांग्रेसको ढाडमा टेकेर एउटा युवकसँग चुनाव लड्दै गरेको उनले बताए । २०६२-०६३ को आन्दोलनको नेतृत्व गरेको एउटा जनताको लोकप्रिय मान्छेलाइ केको आधारमा फुच्चे भनेको भन्दै विरोध खतिवडालाइ बर्तौलाले प्रश्न गरे । कार्यक्रममा एमालेका तर्फबाट प्रदेशसभा २ को (क) का उम्मेदवार विष्णुप्रसाद ढकालले आफू निर्वाचित भएपछि जनताको मागको आधारमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

*निष्पक्ष समाचार र स्पष्ट बिचारको लागि...*
**www.sajhakuranews.com**

# उपलब्धि जोगाउन एमालेलाई परास्त गर्नुपर्छ: खतिवडा

हेटौंडा, १२ कात्तिक/ नेकपा (एकीकृत समाजवादी) का स्थायी समिति सदस्य एवं मकवानपुर क्षेत्र नं.२ का प्रतिनिधिसभा सदस्य उम्मेद्वार बिरोध खतिवडाले एमालेले नेतृत्व गरेको प्रतिगमनकारी गठबन्धनलाई परास्त गर्नुपर्ने बताएका छन् ।

अहिले देशमा विगतमा परिवर्तनका लागि संगै आन्दोलनमा लागेका दलहरुको गठबन्धन र देश टुक्राउने, राजावादी, संविधान नमान्ने दलहरुका बीचको अर्को गठबन्धनका बीच चुनाव हुन लागेकाले जनता सचेत हुनुपर्ने बेला भएको बताए ।

शनिबार मकवानपुर गढी गाउँपालिका वडा नम्बर ८ बुढिचौरमा बाम लोकतान्त्रिक संयुक्त गठबन्धनको निर्वाचन परिचालन सम्पर्क कार्यालयको उद्घाटन कार्यक्रममा खतिवडाले यस्तो बताएका हुन् । उनले बयलगडा चढेर अमेरिका पुगिँदैन भन्ने केपी शर्मा ओली लोकतन्त्र बिरोधी भन्ने पुष्टि भएको बताए ।

एमालेका नेता कार्यकर्ताहरु अहिले हिजोका मन्डलेसंग रानजीनिक पाठ सिक्ने काममा लागेकोप्रति व्यङ्ग्य गर्दै नेता खतिवडाले हिजोका दुस्मनलाई आज चुनावको टिकट दिएको उल्लेख गरे । देशलाई अग्रगमनमा लैजान बाम लोकतान्त्रिक गठबन्धनका उम्मेदवार लाई जिताउन उनले आग्रह गरे ।

कार्यक्रममा प्रतिनिधीसभा २ को प्रदेशसभा क का उम्मेदवार कुमारी मोक्तानले अहिले पार्टीभन्दा पनि गठबन्धनका तर्फबाट आफूहरुको उम्मेदवारी भएकाले इमान्दारी पूर्वक गठबन्धनका उम्मेदवार जिताउन गठबन्धनमा आबद्ध सबै दललाई आग्रह गर्नुभयो ।







**HETAUDA CITY HOSPITAL PVT.LTD.**

*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.







साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना